# धरहराको निर्माणाधिन भुमिगत पार्किङ्गको विषयमा शहरी विकास मन्त्रालयको प्रेस विज्ञप्ती

यहि मिति २०८० साल माघ १४ गते देखि निर्माणाधिन धरहराको भुमिगत पार्किङ्गमा काठमाडौ महानगरपालिकाद्वारा निर्माण व्यवसायी श्री GIETC-RAMAN J/V, मन्त्रालय, विभाग र आयोजनासँग कुनै जानकारी एवं समन्वय नै नगरी एकतर्फी ढँगवाट सर्व-साधारणलाइ निशुल्क पार्किङ्ग सुविधा उपलब्ध गराएकोमा यस मन्त्रालयको गम्भिर ध्यानाकर्षण भएको छ।

सो सम्बन्धमा उक्त आयोजना निर्माणाधिन चरणमा रहेको तथा भूमिगत पार्किङ्ग सञ्चालन गर्न आवश्यक पर्ने Heating, Ventilation and Air Conditioning (HVAC) system, Firefighting system, Electrical and Extra Low Voltage (ELV) works, Public Addressing system, CCTV system, Electrical panel जडान, रंगरोगनको कार्य लगायत मुख्य प्रवेश अगाडिको स्थानमा P.C.C, flagstone को कार्य एवं पार्किङ्ग प्रवेशद्वारको Ramp मा Floor finishing को कार्य लगायत थप विभिन्न छुटफुट कार्यहरु सम्पन्न गर्न बाँकी नै रहेको अवस्थामा उल्लेखित कार्यहरु सम्पन्न नै नगरी भूमिगत पार्किङ्ग संचालन गर्दा निस्सासिएर (suffocation) मानविय क्षति समेत हुने सम्भावना देखिएको एवं बाँकी रहेका माथिका कार्यहरु सम्पन्न गर्न बाधा व्यवधान समेत उत्पन्न हुनुको साथै निर्माणस्थलमा अनगिन्ति र अनाधिकृत व्यक्तिहरु र सवारीसाधनहरुको प्रवेशले निर्माण स्थलको सुरक्षामा थप चुनौती बढ्न गई निर्माण सामाग्रीहरुको टुटफुट एवं बनिसकेका संरचनाहरुमा समेत क्षति हुन सक्ने र त्यसको जिम्मेवारी कसले लिने ? भन्ने विषयको अन्योलतामा एकाएक काठमाडौ महानगरपालिकाबाट पार्किङ्ग संचालन गराएको कारणवाट निर्माण व्यवसायी श्री GIETC-RAMAN JV को तर्फबाट आर्थिक क्षतिपूर्ति एवं आयोजना सम्पन्न गर्न थप म्याद चाहिने भनि विभिन्न पत्रहरुबाट माग दावि पेश भएकोले उक्त आयोजना समयमै सम्पन्न गरी सर्वसाधारणलाइ पार्किङ्ग सुविधा यथाशक्य चाँडो उपलब्ध गराउने यस मन्त्रालयको चाहनामा बाधा उत्पन्न भएको महसुस यस मन्त्रालयले गरेको छ। तसर्थ उक्त पार्किङ्ग गर्ने कार्य हाललाई स्थगित गरी निर्माण व्यवसायीलाई निर्माण कार्य यथाशिघ्र समयमै सम्पन्न गर्न बातावरण सिर्जना गर्ने कार्यमा काठमाण्डौ महानगरपालिका, सर्वसाधारण एवं सरोकारवालाहरु सवैमा यस मन्त्रालय हार्दिक अपिल गर्दछ।

नेपाल सरकार शहरी विकास मन्त्रालय सिंहदरबार, काठमाण्डौ

विनु बज्राचार्य कुँवर
प्रवक्ता
मितिः २०८०/१०/१९ गते शुक्रबार